## पाठ - 6
## हिसाब किताब

الدرس السادس - نيبالي
الحساب

महशरको मैदानमा मानिसहरुले लेखा जोखाको प्रतिक्षामा लामो समय सम्म पर्खिन्छन्, धेरै कडा घाम र कष्ट समेत जब प्रतिक्षा लामो हुदैजान्छन् भने उनीहरुले कुनै यस्तो व्यक्तिलाई खोजन थाल्छ जुन् हिसाब किताबको बिषयमा अल्लाहको नजिक सिफारिस गरोस, र त्यसका लागि आदम ﷺ को सेवामा उपस्थित हुनेछन तर उहाँले खेद प्रकट गर्नु हुन्छ, त्यस पछि नुह ﷺ को सेवामा उपस्थित हुनेछन र उहाँले पनि खेद प्रकट गर्छन, त्यस पछि इब्राहीम ﷺ को सेवामा उपस्थित हुनेछन तर उहाँले पनि खेद प्रकट गर्नु हुन्छ, त्यस पछि मूसा ﷺ को सेवामा उपस्थित हुनेछन र उहाँले पनि खेद प्रकट गर्नु हुन्छ, त्यस पछि ईसा ﷺ को सेवामा उपस्थित हुनेछन र उहाँले पनि खेद प्रकट गनु हुनेछन, र त्यस पछि अन्तामा मुहम्मद ﷺ को सेवामा उपस्थित हुनेछन र उहाँले भन्नेछन् कि «म यो कार्य गर्छु»

र त्यस पछि अर्श अर्थात अल्लाहको सिंहासन तल सजदामा पर्नु हुनेछन र त्यो समय अल्लाहले जस्तो सिखाउँछ त्यस्तो अल्लाहको प्रशंसा गर्नेछन, त्यस पछि अल्लाहले भन्नु हुनेछ कि «हे मुहम्मद! आफ्नो टाउको उठाउ, र माँग तिम्रो माँग पुरा हुनेछ, र सिफारिस गर तिम्रो सिफारिस स्वीकार हुनेछ»

त्यस पछि अल्लाह तआलाले हिसाब किताबको अनुमति प्रदान गर्नेछन्, र सबभन्दा पहिला मुहम्मद ﷺ को अनुयायीहरुको हिसाब किताब हुनेछ ।

कर्महरु मध्ये सबभन्दा पहिला नमाजको हिसाब किताब हुनेछ, यदि त्यो ठिक र स्वीकारित भयो भने त्यस पछि अर्को कर्महरु देखिनेछ र यदि त्यो स्वीकारित भएन भने अरु कुनै कर्म स्वीकार हुने छैन, मानिसहरु सित पाँच कुराको प्रशण हुनेछ , उमेरको बारेमा कि कुन काममा बिताएको, जवानीको बारेमा कि कसरि काटेको, धनको बारेमा कि कहाँबाट कमाएको र कहाँ खर्च गरेको, र ज्ञानको बारेमा कि कस्तो उपयोग गरेको, त्यस्तै मानिसहरु बीच सबभन्दा पहिला हत्याको फैसला हुनेछ , त्यो दिन हत्याको डण्ड पुण्य र पापले हुनेछ , तसर्थ मान्छेको पुण्य चाहिं उस्को बिपक्षलाई दिइनेछ र पुण्य समाप्त भए पछि बिपक्षको पाप उस माथि थोपी दिनेछ ।

पुल सेरातको स्थापना हुनेछ (त्यो केश भन्दा अधिक पातलो र तर्वार भन्दा अधिक तेज पुल हुनेछ जुन् नर्क माथि स्थापित हुनेछ) मानिसहरु आफ्नो कर्म अनुसार त्यसलाई पार गर्ने छन् , कोहि आँखा झपकने जति समयमा पार भइहाल्छ त कोहि हावा जस्तो, कोहि स्वस्थ घोडा जस्तो, र कोहि बिस्तारै जानेछ , र पुलमा यस्तो खुँटीहरु हुन्छन् जुन् नासतिकहरुलाई तानेर नर्कमा फालने गर्छ , नासतिक र पाप गरेको मुस्लिमहरु मध्ये जस्लाई अल्लाह चाहन्छ त्यो आगोमा झडिहाल्छ , नासतिकहरु संधैका लागि नर्कमा हुन्छन् तर पाप गरेको मोमिनहरु आफनो सजाय काटेर स्वर्गमा प्रवेश गर्ने छन् ।

नबी, रसूल, र सत्कर्मीहरुलाई अल्लाहले नर्कमा गएको कोहि मोमिनहरुका लागि सिफरिस गर्ने आज्ञा प्रदान गर्छ , र त्यस पछि उनीहरुलाई नर्कबाट निकालछ , र स्वर्गबासीहरु मध्ये जस्ले पुल पार गरिसकेको हुन्छ त्यो स्वर्ग र नर्कको बीच एउटा अरु पुल माथि पर्खनु हुन्छ र त्यहाँ एक अर्का सँग बदला लिनेछ तसर्थ कसै माथि गरेको कुनै प्रकारको अत्याचारको बदला चुकाए पछि र आफनो मन् र आत्मा सफा गरे पछि मात्र स्वर्गमा जानु मिलछ , त्यस पछि स्वर्गवबसीहरु स्वर्गमा र नर्कवासीहरु नर्कमा गइहाल्छ र मृत्युलाई एउटा बाखाको रुपमा ल्याएर स्वर्ग र नर्कको बीचको ठाउँमा कट्ने छ र भनिनेछ : हे स्वर्गवासीहरु! अब यहाँ संधैका लागि बसनु पर्छ , यहाँ मृत्यु आउने छैन, हे नर्कवासीहरु! अब यहाँ संधैका लागि बसनु पर्छ , यहाँ मृत्यु आउने छैन, यस्तो अवस्था हुन्छ कि यदि कोहि खुशीले मर्नु हुन्छ भने त्यो स्वगवासीहरु छन् जुन् खुशीले मरिहाल्छन् र यदि कोहि दुखःले मर्नु हुन्छ भने त्यो नर्कवासीहरु छन् जुन् दुखःले मरिहाल्छन् ।